सुदुरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

राजपुर, डोटी

Phone :- ०९४-४४०११४
Email:- csidbdotirajpur@gmail.com

प.स. २०८१।०८२
च.न १०६

मिति २०८१।०६।०८

विषय :- उद्योग ठाँउसारीका लागि सहमति सम्बन्धमा ।

श्री घरेलु तथा साना उद्योग कार्यालय,
धनगढी, कैलाली ।

उपरोक्त सम्बन्धमा यस कार्यालयमा दर्ता रहेको प्रा.फ.र.न. ४९५/०५९/०६० को श्री शैलेश्वरी अपसेट प्रिन्टर्स उद्योगका प्रोप्राईटर श्री भागीरथी गौतमले दिपायल सिलगढी नगरपालिका वडा नं. ४ वाट धनगढी उप–महानगरपालिका वडा नं. ४ मा रहने गरी उद्योग ठाउँसारी गरि पाउँ भनी दिनु भएको निवेदन अनुसार उक्त उद्योग ठाउँसारीका लागि सहमति उपलब्ध गराई दिन हुन अनुरोध छ ।

बोधार्थ :
श्री भागीरथी गौतम, साविक पहलमानपुर गा. वि. स. वडा नं. १ कैलाली ।

०८१।६।८

मोहन सि. कठायत
कार्यालय प्रमुख

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
राजपुर, डोटी
Phone :- ०९४–४४०११४
Email:- csidbdotirajpur@gm

प.स. : २०८१।०८२
च.न. :

मिति : २०८१।०६।०८

## सम्बन्धित सबैको जानकारीका लागि ।

"सुदुरपश्चिम आर्थिक ऐन, २०८१" ले निजी तथा साझेदारी ब्यवसाय दर्ता तथा नविकरण दस्तुरमा गरेको परिमार्जित दस्तुर यसै सूचना साथ संलग्न राखिएको छ । साथै नविकरणको म्याद सकिएको ५ वर्ष समेत पुरा भईसकेका निजी तथा साझेदारी ब्यवसायहरुले यहि मिति २०८१ साल पौष मसान्त भित्र नविकरणका लागि यस घरेलु तथा साना उद्योग कार्यालय, राजपुर, डोटीमा निवेदन पेश गरेमा एक पटकका लागि जरिवनामा विशेष छुट समेत दिईएकोले सम्बन्धित सरोकारवाला सबैमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

मोहन सिं कठायत
कार्यालय प्रमुख

नोट : थप जानकारीका लागि यस घरेलु तथा साना उद्योग कार्यालयको सम्पर्क नं. ०९४–४४०११४ तथा ९८५८४४०११४ मा सम्पर्क गर्न सकिनेछ ।

## अनुसूची-९

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**निजी तथा साझेदारी व्यवसाय दर्ता तथा नवीकरण दस्तुर**

### (क) निजी तथा साझेदारी व्यवसाय दर्ता तथा नवीकरण दस्तुर

**(१) निजी व्यवसाय**

| व्यवसाय तथा फर्मको अधिकृत पुँजी | सुरु दर्ता दस्तुर (रुपैयाँ) | नवीकरण दस्तुर (म्याद नाघेको ३५ दिन भित्र) | म्याद नाघेको ३६ दिन देखि ३ महिना सम्मको दस्तुर | म्याद नाघेको ३ महिना पूरा भई १ वर्ष ननाघेका फर्मको दस्तुर | म्याद नाघेको १ वर्षभन्दा बढी भई ५ वर्ष अवधि ननाघेका फर्मको दस्तुर |
|---|---|---|---|---|---|
| दश लाख रुपैयाँ सम्म | २,०००।- | दर्ता दस्तुरको २५ प्रतिशत रकम | नवीकरण दस्तुर र नवीकरण दस्तुरको ५० प्रतिशत थप रकम | नवीकरण दस्तुर र नवीकरण दस्तुरको शत प्रतिशत थप रकम | नवीकरण दस्तुर र हरेक वर्षका लागि दर्ता दस्तुरको ५० प्रतिशत थप रकम |
| दश लाख देखि पचास लाख रुपैयाँ सम्म | ५,०००।- | | | | |
| पचास लाख देखि १ करोड रुपैयाँ सम्म | १०,०००।- | | | | |
| १ करोड देखि ५ करोड रुपैयाँ सम्म | २०,०००।- | | | | |
| ५ करोड देखि १० करोड रुपैयाँ सम्म | ३५,०००।- | | | | |
| १० करोड रुपैयाँ भन्दा बढी भएमा | ५०,०००।- | | | | |

(२) साझेदारी व्यवसाय

| व्यवसाय तथा फर्मको अधिकृत पूँजी | सुरु दर्ता दस्तुर | आर्थिक वर्ष भुक्तान न भएको ३५ दिनभित्रको नवीकरण दस्तुर | आर्थिक वर्ष भुक्तान भएको ३५ दिनको अवधि पार गरी १ वर्षसम्म नवीकरण अवधि ननाघेका फर्मको नवीकरण दस्तुर | १ वर्षको अवधि पार गरी ५ वर्षसम्म नवीकरण नभएका फर्मको नवीकरण दस्तुर |
|---|---|---|---|---|
| दश लाख रुपैयाँ सम्म | रु. ५,०००।- | दर्ता दस्तुरको १० प्रतिशत रकम | नवीकरण दस्तुर र नवीकरण दस्तुरको शत प्रतिशत थप रकम | नवीकरण दस्तुर र हरेक वर्षका लागि दर्ता दस्तुरको ५० प्रतिशत थप रकम |
| दश लाख देखि पचास लाख रुपैयाँ सम्म | रु. ७,०००।- | | | |
| पचास लाख देखि १ करोड रुपैयाँ सम्म | रु. १२,०००।- | | | |
| १ करोड देखि ५ करोड रुपैयाँ सम्म | रु. २५,०००।- | | | |
| ५ करोड देखि १० करोड रुपैयाँ सम्म | रु. ४०,०००।- | | | |
| १० करोड रुपैयाँ भन्दा बढी भएमा | रु. ६०,०००।- | | | |

**स्पष्टीकरणः** प्राईभेट फर्मको हकमा अपाङ्गता भएका व्यक्ति, महिला, दलित र विपन्न वर्गको हकमा दर्ता हुने वा भइसकेका फर्मको दर्ता र नवीकरण दस्तुरमा २५ प्रतिशत छुट दिइनेछ।

**(ख) अन्य शुल्क तथा दस्तुरः**

| | |
|---|---|
| निवेदन दस्तुरः | रु.१००।- |
| खारेजी दस्तुरः | रु.१,०००।- |
| दर्ता प्रमाणपत्रको प्रतिलिपि दस्तुरः | रु.१,०००।- |
| फर्मको नाम परिवर्तन शुल्कः | रु.५००।- |
| नामसारी शुल्कः | दर्ता सरह |
| पुंजीबृद्धि शुल्कः | पुंजी अनुसार अगाडीको दर्ता शुल्क घटाएर लिने |
| कम्पनी दर्ताः | रु.१,०००।- |

**नोटः**

(१) प्रा.लि.मा दर्ता भएको व्यवसायको दर्ता शुल्क मात्र रु. ५,०००।- हुनेछ। बाँकी कम्पनी ऐन अनुसार हुनेछ।

(२) यो आर्थिक ऐन लागु हुनु पुर्व विविध कारणले नवीकरणको म्याद समाप्त भई ५ वर्ष नाघिसकेका नीजि तथा साझेदारी व्यवसायहरुले मिति २०८१ साल पौष मसान्तभित्र कार्यालयमा नवीकरणका लागि आवेदन गरेमा नवीकरणको म्याद समाप्त भई ५ वर्षभित्रको हकमा तोकिएको रकम र बाकी अवधिको हकमा रु.२० लाख पुँजी सम्मको व्यवसायको लागि प्रति वर्ष रु.३,०००।- का दरले जरिवाना र रु.२० लाख भन्दा बढी पुँजी भएको व्यवसायको लागि प्रतिवर्ष रु. ५,०००।- का दरले थप जरिवाना लाग्नेछ। तर, एक पटकका लागि २०८१ साल पौष मसान्त भित्र नवीकरण गर्न निवेदन दिनेको हकमा जरिवानाको १० प्रतिशत रकम लिएर नवीकरण गर्न सकिनेछ ।